# नेपालका केही महत्वपूर्ण भित्ते चित्रहरू

–साफल्य अमात्य

मानव सभ्यताको प्राचीन उपलब्धिहरू मध्ये चित्रकला पनि एक हो । चित्रकलाका विभिन्न अंगहरू मध्ये भित्ते-चित्र पनि एक हो । चित्रकलाको जन्म हजारौं वर्ष-अघि गुफामा बस्ने ती प्राचीन मानिसहरू जो कांचो मासु खान्थे, पत्थरका हतियार तथा औजारहरू प्रयोग गर्थे, निर्वस्त्र हिड्थे तिनीहरू संगसंगै भएको थियो । शायद ती प्राचीन मानिसहरू फुर्सदको वेलामा कुनै ठोस वस्तु जस्तै पत्थर वा फलामका औजारहरूद्वारा आफ्ना गुफाका भित्ता-हरूमा रेखाचित्रहरू कोर्ने गर्थे । यसरी करीब पन्ध्र हजार वर्षअगाडि दक्षिण, पश्चिम फ्रान्सको एउटा घना जंगलको गुफाभित्र कोरिएका रेखाचित्रहरू पुरातत्वविद्हरूले पत्ता लगाएका छन् । उक्त रेखाचित्रमा केही युवकहरू हातमा भाला जस्ता हतियारहरू लिएर मृगको शिकार गर्न दौडि-रहेको दृश्य अंकित गरिएको छ । बडो अचम्मको कुरो छ, यसरी हजारौं वर्षपछि पनि मानवसभ्यताको उदाहरण बन्ने फ्रान्सको त्यो ठाउं, जहां कयौं पटक घना जंगलहरू बने होलान्, हिउंले ढाके होलान्, तर प्राचीन मानवका देन-स्वरूप रहिआएका ती भित्ते चित्र अथवा रेखाचित्र भने आज पनि जस्ताको त्यस्तै छन् । यसरी प्रकृतिको अनौठो रूपमा आफूलाई समय, समयमा समर्पित गर्दै आजका बीसौं शताब्दीका सभ्य कहलिएका मानिसहरूलाई तिनका पूर्खा-हरूले एउटा अनकंटार जंगलभित्र गुफामा छोडेर गएका र अहिलेसम्म पत्तालाएकोमा सबैभन्दा प्राचीन चित्रकला अथवा रेखाकलाको एउटा ज्वलन्त उदाहरण आज पनि हाम्रो सामुमा छ । (१)

मानिस सम्पूर्ण प्राणीहरू मध्ये सर्वश्रेष्ठ जीव हो । खान र बस्नको समस्या र चिन्ताबाट फुर्सद पायो कि उ आफूलाई अनिनै सुखी ठान्दछ । उसको स्वभावनै यस्तो छ र यसै सुखको अनौठो अनुभवबाट उसको मस्तिष्कमा कलाको जन्म भएको हुन सक्दछ, किनभने सुखको अनुभव गर्दागर्दै उसले हांस्न, कुरा गर्न, नाच्न र केही लेख्न अथवा कोर्न सिक्यो । यसरी नै आजभन्दा पन्ध्र हजार वर्षअगाडि फ्रान्सको त्यो गुफामा बस्ने प्राचीन मानवले पनि यस्तै सुखको अनुभव गरी आफ्नो गुफाका भित्ताहरूमा फुर्सदको वेलामा चित्रहरू कोर्न थाले होलान् । यसरी नै पछि गएर ती प्राचीन मानवहरूले आफ्नो जीवनसंग सम्बन्धित अथवा आफ्नो जीवनमा घटित कुनै पनि महत्वपूर्ण घटनाहरूलाई संझन अथवा ती घटनाहरूको संझनार्थ ती घटनाहरूबाट प्रभावित भएर नै ती घटित दृश्यहरूलाई आफ्ना गुफाका भित्ताहरूमा अंकित गर्न थाले होलान् । (२)

यसरी मानव अभिव्यक्तिको स्वयं एक पूर्ण विशिष्ट साधनको रूपमा चित्रकलाले सभ्यताको अरुणोदयदेखिनै मानवजीवनको साथ दिंदै आएको देखिन्छ । ३) भित्तामा लेखिएका, कोरिएका अथवा खोपिएका जस्तोसुकै चित्रलाई पनि भित्ते चित्र भन्न सकिन्छ तर साधारणतया भित्ते चित्र भन्नाले घर वा अरू कुनै पनि स्मारक आदिको भित्तामा कुनै रंगको माध्यमद्वारा चित्रित चित्रहरूलाईनै लिन सकिन्छ । आजभन्दा करीब पांच हजार वर्षअघिदेखिनै प्राचीन मिश्रवासीहरूले आफ्ना इष्टदेव, देवीका मन्दिरहरू, राजप्रासादहरू र राजाहरूका चिहानहरू सुन्दर एवं आक-र्षक बनाउन ती स्मारकहरूका सेता प्लास्टर लगाएका भित्ताहरूमा स्थानीय कलाकार तथा स्थानीय रंगको मदत-बाट भित्ते चित्रहरू लेख्ने अथवा कोर्ने गर्दथे । ती प्राचीन भित्ते चित्रहरूका ज्वलन्त नमूनाहरू अझै मिश्रका सबैजसो मन्दिर तथा राजाहरूका चिहानहरूमा पाइन्छन् । जस्तै राजा सेति प्रथमको चिहानमा इशी देवताकी पत्नी औसी-

रीस आफ्ना दुबै हात पखेटासरी फैलाई अतिसुन्दर मुद्रामा बसिरहेका चित्र, नखट नामक एक मिश्रको भलादमीको चिहानमा गायिका र नर्तकीहरूका हूल अंकित चित्र र भोजको तँयारी आदि विषयहरूलाई लिएर चित्रित गरिएका दृश्यचित्रहरू आदि (४) प्राचीन मिश्रमा मात्र हैन, संसारका अरू प्राचीन तथा सभ्य मुलुकहरूमा पनि प्राचीन कालदेखिनै भित्तेचित्रहरू उपयोग गरेका देखिन्छन् । जस्तै भारतमा आजभन्दा लगभग १५०० वर्ष अधिका अजन्ताका गुफाहरूभित्र पनि प्राचीन मिश्रमा जस्तै अति सुन्दर बौद्ध-जीवनसंग सम्बन्धित भित्तेचित्रहरू बनाइए । यसरी ईशाको दोस्रो शताब्दीदेखि लिएर ईशाको सातौं शताब्दीसम्म अजन्ताको गुफाभित्र निकै भित्तेचित्रहरू बनेका थिए । जसमध्ये नंबर एक गुफामा रहेको किस्ती समातेकी एउटी सुन्दरी युवति, गुफा नम्बर सत्रमा रहेको उडिरहेको देवराज इन्द्र र बौद्ध भिक्षुहरूको हूल, दरबारको दृश्य आदि विशेष उल्लेखनीय छन् । (५) भारतमा जस्तै मेक्सिकोमा (दक्षिणी अमेरिका) पनि प्राचीन भित्तेचित्रहरू पाइएका छन् । मायासंस्कृतिसंग सम्बन्धित यी भित्तेचित्रहरू बोनामपाकका एक प्राचीन मायाको मन्दिरभित्र पाइएका हुन् । मायासंस्कृतिसंग सम्बन्धित यी भित्तेचित्रहरूले मायाजीवनसंग सम्बन्धित परम्पराहरूबारे धेरै कुरा बुझ्न सजिलो पारिदिएको छ । यी भित्तेचित्रहरूमा मायाजातिको लडाईंको दृश्य, यात्रा र पर्वको दृश्य आदि विशेष उल्लेखनीय छन् । यस्तै चीन, इरान, ग्रीस, रोम आदि मुलुकहरूका प्राचीन भित्तेचित्रका नमूना तथा अवशेषहरू पनि विशेष उल्लेखनीय छन् । (६)

चित्रकलाको क्षेत्रमा नेपाल पनि एक प्राचीन मुलुक मान्न सकिन्छ । गगनचुम्बी हिमशिखरहरू र ती हिमशिखरहरूका विशाल विशाल छातीहरूबाट निरन्तर बहने दुग्धधाराका प्रवाहहरू र स्वर्गीय प्रकृतिले भरिपूर्ण यस देशमा चित्रकलाको विकाश अरू देशहरूमा झैं पत्थर अथवा मूर्तिकलासंगसंगै भएको हुनुपर्दछ । किनभने विद्वान्हरूको भनाइ छ मूर्तिकला र चित्रकलाको जन्म एकैसाथ भएको थियो । जब ईशापूर्वका मूर्तिहरू नेपाल अधिराज्यभित्र पाइन्छन् भने त्यसै समयदेखि नेपालले चित्रकलामा पनि विकास गरेको धेरै संभव सिद्ध हुन्छ । तर बडो दुर्भाग्यको कुरो छ आजसम्म ती प्राचीन सम्पदाहरू वा तिनका अवशेषहरूसम्म पनि हामीले फेला पार्न सकेका छैनौ । नेपालका प्राचीन शाक्यहरूको राजप्रसाद धार्तराष्ट्र, किरातहरूका राजप्रसादहरू, लिच्छवी राजप्रसादहरूमा "कैलासकूट भवन" मानगृह आदि सबैजसो राज प्रासादहरू भित्तेचित्रहरूले पनि सजिएका हुनुपर्दछ । तर बडो दुःखको कुरा छ हाम्रा यी प्राचीन राजप्रासाद अथवा स्मारकहरूमा बडो सजधजका साथ चित्रित गरिएका भित्तेचित्रहरूको कुनै पनि नमूना अथवा अवशेष आज हाम्रा सामु छैनन् । चित्रकलालाई नेपाली कलाकारहरूले प्राचीन हस्तलिखित ग्रन्थहरूमा, पौवामा र अरू यस्तै वस्तुहरूमा मूर्त गरेका पनि हामी पाउंदछौ । अहिलेसम्म नेपाल भूभागमा सबैभन्दा प्राचीन रेखाचित्रमा काठमाडौं विशाल नगरको टुंडालदेवीको मन्दिरनिर रहेको प्रस्तरमा कोरिएको बोधिसत्वको रेखाचित्र नै हो । तर यो रेखाचित्र यति प्राचीन हो भनी कसैले पनि किटान गरेर भन्न सकेको छैन । (७) प्राध्यापक श्री रामनिवास पाण्डेले उक्त रेखाचित्रलाई मल्लकालभन्दा केही अघिको (याने ईशाको एघारौं, बाह्रौं शताब्दीको) हो भनी भन्नुभएको छ । (८) नेपाली चित्रकलाको प्राचीनताबारे खोज गर्दागर्दै नेपाली कलाका एक सुप्रसिद्ध विदुषी सुश्री स्टिला क्रामारिशले भन्नुभएको छ— "बौद्ध परम्पराका नेपाली चित्रकलाहरू एघारौं शताब्दीदेखिका छन् ।" (९) प्रसिद्ध नेपाली कलाविद् श्री लैनसिंह बांगदेलको भनाइअनुसार स्टेनको संग्रहमा रहेको अवलोकितेश्वर, बज्रपाणि र बोधिसत्वका चित्रहरू ईशाका दशौं शताब्दीतिरका हुन् । शायद हालसम्म प्राप्त नेपाली चित्रकलाका सबैभन्दा प्राचीन नमूनाहरू यीनै हुन् । (१०) यसरीनै नेपालका प्राचीन हस्तलिखित ग्रन्थहरूमा राष्ट्रिय अभिलेखालयमा संग्रहित चित्रहरू पनि करीब एघारौं बाह्रौं शताब्दीदेखिका प्रशस्तै पाइन्छन् । (११) भित्तेचित्रहरूमा नेपाल अधिराज्यभर हालसम्म थाइ पाइएकोमा सबैभन्दा प्राचीन चाहिं भक्तपुरको तलेजू भवानीको मन्दिरको भित्रीकोठाहरूमा रहेका चित्रहरू नै हुन् । वंशावलिहरूअनुसार ईशाको चौधौं शताब्दीमा भारतका कर्नाटक वंशका राजाहरूसंगसंगै तलेजू भवानीको परम्परा नेपालभित्र पसेको थियो । हाल उक्त तलेजू मन्दिरभित्र रहेका भित्तेचित्रहरूमध्ये केही चित्रहरू चाहिं प्रसिद्ध मल्ल राजाहरू जयस्थिति मल्ल, यक्ष लल्ल र ज्योति मल्लका समयमा बनेका देखिन्छन् । (१२) पन्ध्रौं शताब्दीतिर बनेको यस मन्दिरभित्र पन्ध्रौं शताब्दीदेखि अठारौं शताब्दीसम्म धेरै भित्तेचित्रहरू अंकित भए जसमध्ये पन्ध्रौं शताब्दीको सतीको दृश्य, सत्रौं

शताब्दीको शुंभ र निशुंभको चित्र, भैरवीको चित्र, नाचिरहेको विष्णुको चित्र र यस्तै अरू सानसाना चित्रहरूमा कर्कोटकनाग र नागिनीको चित्र, लोकपाल हात्तीको चित्र, नाचिरहेको गणेश र अरू पौराणिक जीवजन्तुहरूको चित्र आर्कषक एवं उल्लेखनीय छन् । सोही स्थानमा रहेको अठारौं शताब्दीको भित्तेचित्रहरूमध्ये ध्यानी, विनीत मुद्रामा राजा भूपतीन्द्र मल्लको जीवलेख्य विशेष उल्लेखनीय छ । भक्तपुरको दरवारभित्र रहेका भित्तेचित्रहरूलाई बढी प्रोत्साहित गर्ने राजाहरूमा राय मल्ल, जगत्प्रकाश मल्ल, जितामित्र मल्ल र भूपतीन्द्र मल्ल पनि हुन् । यसै समयमा अर्थात सत्रौं शताब्दीको आधाआधीमा पंचम दलाई लामाको निमन्त्रणामा नेपाली कलाकारहरू तिब्बत गएका थिए । तिनीहरूमध्ये देसे, भान सिद्धि, मंगल, जयसिंह, अमरजित आदि कलाकारहरूका नाम विशेष उल्लेखनीय छन् । माथि उल्लिखित तिनै राजाहरूको राज्यकालमा प्राचीन दरवारको मूलचोक र सदाशिवचोक रहेका भागहरूमा भित्तेचित्रहरू चित्रित गरिएका देखिन्छन् । (१३) वंशावलिहरूमा राजा जितामित्र मल्लले आफ्नो दरवार सिंगार्न पन्ध्रौं वर्ष लगाएका थिए भनी उल्लेख गरेको छ । उनले निर्माण अथवा जिर्णोद्धार गरेको दरवारको भागलाई थंथुदरवार भन्दथे । नेपालीकलाका एक अनुसन्धाता श्री मनवज्र बज्राचार्यको भनाइअनुसार ऐतिहासिक दृष्टिकोणले विचार गर्दा यी भित्तेचित्रहरू भएका चोकहरू प्राचीन थंथुदरवारभित्रकै अंगहरू हुन् ।(१४)

भक्तपुरमा अर्को महत्वपूर्ण भित्तेचित्रहरू प्रख्यात पचपन्ने झ्याल भएको प्राचीन दरवारको बैठककोठामा पनि छ । श्री ५ को सरकार तथा भारतको संयुक्त सहयोगबाट रासायनिक प्रक्रियाद्वारा संरक्षित यी भित्तेचित्रहरू राजा भूपतीन्द्र मल्लका समयका हुन् । ती भित्तेचित्रहरूमा एक राजपरिवारको जीवनी र एउटा युद्धसम्बन्धी घटनालाई लिएर चित्रित गरे कैं प्रतीत हुन्छ । युद्धमा जब हातहतियारले सुसज्जित सैनिकहरू र युद्धमा जान लागेको एक राजकुमारको बिछोडमा विलाप गरिरहेका स्त्रीहरूका चित्रहरू प्रस्टै देखिन्छन् । भित्तेचित्रहरूको ठीक बीचैमा विश्वरूपको भयंकर चित्र छ र साथै ठाउं ठाउंमा "महाभारत" संग सम्बन्धित घटनाहरू पनि चित्रित गरिएका छन् । जस्तै–श्री कृष्णको गोपिनीहरूसंगको रासलीलाको दृश्य आदि ।(१५)

भक्तपुरलाई छोडेर उपत्यकाभित्र काठमाडौं वसन्तपुर दरबार, कुमारीघर र स्वयंभूको शान्तिपुरभित्रका भित्तेछित्रहरू पनि विशेष उल्लेखनीय छन् । वसन्तपुर दरवारका मल्लकालीन भाग, मोहनकालीचोक र शाहकालीन भाग नासलचोक यी दुवै स्थानमा भित्तेचित्रहरू छन् । मोहनकालीचोकमा चित्रित भित्तेचित्रहरू राजा प्रताप मल्लका समयका हुनु धेरै संभव छ, मोहनकालीचोकभित्रको कोठाहरूमा अंकित भित्तेचित्रहरू सानसाना पंक्तिहरूमा चित्रित गरेका छन् र धेरैजसो चित्रहरू रामायण र महाभारतसंग सम्बन्धित घटनालाई लिएर लेखिएका छन् । भित्तेचित्र भएको नासलचोकको दरवार श्री ५ सुरेन्द्र वीर विक्रम शाहको पालामा बनेको हनुमान्ढोका दरवारको नयाँ खण्ड हो । शायद् तत्कालीन शाहराजाहरूका यी पूजा कोठाहरू थिए होलान् । दरवारका उक्त कोठाहरूका सम्पूर्ण भित्तानै ढाक्ने गरी ठूलठूला भित्तेचित्रहरू चित्रित गरिएका छन्, तिनीहरूमध्ये शेषशायी विष्णु, समुद्रमथन आदिका दृश्यहरू बडो आकर्षक छन् ।

हाल मुद्रासंग्रहालय रहेको ठूलो बैठककोठामा पनि शाहकालीन भित्तेचित्रहरू छन् । ती भित्तेचित्रहरू राणा प्रधानमन्त्री जंगबहादुरले आफू बेलायतबाट फर्केपछि त्यहांका चित्रहरूबाट प्रभावित भई बनाउन लाएका हुन् । त्यस बैठककोठाको प्रवेश द्वारमाथि तिनवटा श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको जीवलेख्यहरू छन्, ती चित्रहरूमा श्री ५ पृथ्वीले भारतका मुगल बादशाहहरूले कैं हातमा फूल लिएका छन् । उक्त कोठाको ठीक बांयापट्टिको भित्तामा बाह्रवटी यौवनले मत्त भएका विदेशी सुन्दरीहरू विभिन्न वेशभूषामा चित्रित गरिएका छन् ! भन्दछन् ती सुन्दरीहरूमा कोही नेपाली सुन्दरीहरू पनि हुन्, तर यसै छुट्याउन भने गाह्रो छ । ती चित्रहरू तत्कालीन चलिरहेको फेशनलाई विषयवस्तु बनाई चित्रित गरेका हुन् भनी पनि भन्दछन् । यसरीनै बैठकको दायांपट्टि पनि एघार जवान भद्र पुरुषहरूका जीवलेख्यहरू छन् । ती चित्रहरू सबै तैलचित्र जस्ता देखिन्छन् । पुरुष चित्रहरूमा जंगबहादुरका सात भाईहरू, पंजाबका रणजित्सिंह, सूरजितसिंह र अरू दुई भारतका भद्रभारदारहरू पनि छन् । उन्डाईसौं शताब्दीमा लेखिएका यी भित्तेचित्रहरूमा पनि प्राचीन नेपाली चित्रकलाको परम्परालाई कुनै न कुनै रूपमा नेपाली कलाकारहरूले कायम नै राख्न सफल भएको प्रतीत हुन्छ ।

काठमाडौं कुमारीघरको भित्तेचित्रहरूले नेपाली

चित्रकलाजगत्मा ठूलो हलचल पैदा गरेको छ । हुन त यी भित्ते चित्रहरू अठारौं शताब्दीका मात्र हुन् तैपनि कलापारखीको दृष्टिकोणबाट यी भित्ते चित्रहरू नेपालको भूभागभित्र रहेका अन्य प्राचीन भित्ते चित्रहरूको जोडामा पुग्न सक्दछन् । उपत्यकाभित्र यो जत्ति सुरक्षित र सुन्दर भित्ते चित्रकलाका नमूनां अरू छंदैछैनन् भने पनि हुन्छ । कुमारीघर भित्ते चित्रहरूले गर्दा मात्र हैन त्यसभित्र सजिएका अनेकौं अरू कलात्मक वस्तुहरूले गर्दा पनि आज मध्यकालीन नेपाली कलालाई पूर्ण रूपमा झल्काइरहेको एउटा जीवित संग्रहालय जस्तो देखिन्छ । कुमारीघरको मुख्य सिंहासन भएको पूजाकोठा जान एउटा ठूलो बरण्डा जस्तो कोठा भएर जानुपर्दछ । त्यस बरण्डाभित्र पस्दाखेरि दायातर्फ भर्खरै केही वर्षअघि मात्र तयार गरिएको स्वर्गीय श्री ५ महेन्द्रको तैलचित्र छ । बरण्डाको भित्र धेरै भित्ते चित्रहरू छन् जसमध्ये सेतो मछिन्द्रनाथ, रातो मछिन्द्रनाथ, पचलीभैरव, भीमसेन, हिरण्यकश्यपुवध, हनूमान्, शक्तिसहित गणेश आदिका चित्रहरू उल्लेखनीय छन् । मुख्य सिंहासन भएको पूजाकोठाभित्र अष्टमातृका देवीहरू जस्तै कुमारी, वाराही, महालक्ष्मी, वैष्णवी, इन्द्राणी, चामुण्डादेवी, ब्रह्माणी आदि देवीहरू र राजा जयप्रकाश मल्लको जीवालेख्य पनि विशेष उल्लेखनीय छन् । अठारौं शताब्दीका काठमाडौंका अन्तिम मल्लराजा जयप्रकाशको संरक्षणमा निर्माण भएको उक्त कुमारीघर र त्यहां जडित कलाकृतिहरू हेर्दा नेपालले सधैं एउटा गौरवपूर्ण कलाको परम्परालाई कायम मात्र हैन जीवितनै राखेको छ भन्न सबैलाई बाध्य तुल्याउंदछ । भवानी कुमारीका अनन्यभक्त राजा जयप्रकाश मल्लको यो जीवालेख्य र भक्तपुर तलेजुमा रहेको राजा भूपतीन्द्र मल्लको जीवालेख्यहरूले तत्कालीन मल्ल राजाहरूको वेशभूषा, धर्मनिष्ठा, कलाप्रेम आदि सबै कुरा स्पष्टसंगै देखाइदिन्छन् । मुगल वेशभूषाबाट प्रभावित लामो जामा र टाउकोमा पगडी लगाई दुवै हात जोडी विनम्र मुद्रामा आफ्ना राजसी पोशाकमा हातहतियारले सुसज्जित भई देवीको आराधना गर्दै उभिइरहेको राजा जयप्रकाशको जीवालेख्य ज्यादैनै मार्मिक तथा घतलाग्दो छ । यिनै राजा जयप्रकाशले काठमाडौंमा सालिन्दा कुमारीको खटयात्रा गर्ने चलन पनि चलाएका हुन् । कुमारीघरमा अंकित यी भित्ते चित्रहरू सबैजसो एकै नाप, साइजका छन्, तिनीहरू करीब, करीब ६ फुट जति अग्ला छन् र विभिन्न रंगहरूको अलावा चित्रहरूमा सुनौलाको प्रयोग पनि प्रचुरमात्रामा भएको देखिन्छ । उक्त स्थानमा जस्मा करीब एक हजार सातसय साठ्ठी स्क्वायर फीट भितामा चित्रहरू अंकित गरेका छन् । बाँयातर्फको सानो कोठामा पनि भित्ते चित्रहरू छन् तीमध्ये आर्यतारा, महाकाल, चैत्य, शाकिनी, बज्रयोगिनी, व्याघिनी आदिका चित्रहरू विशेष उल्लेखनीय छन् । (१६)

स्वयम्भूको प्रसिद्ध शान्तिपुरभित्र पनि भित्ते चित्रहरू छन् । सत्रौं शताब्दीका प्रसिद्ध मल्लराजा प्रताप मल्लले निर्माण गर्न लगाएको उक्त शान्तिपुरका भित्ताहरूमा हाल देखा परिरहेका भित्तेचित्रहरू भने श्री ५ पृथ्वी वीर विक्रम शाहको समयमा हर्षमान चित्रकार नामक एक व्यक्तिले आफ्ना स्वर्गवासी पूज्य पिताज्यू र माताज्यूका संकल्पार्थ बनाउन लगाएका हुन् । तर निजैको त्यहां रहेको अभिलेखबाट यो सिद्ध हुन आएको छ– निजले त्यहां पहिलेदेखिनै रहिआएका चित्रहरूको जीर्णोद्धार मात्र गरेका हुन् । यहां जीर्णोद्धारको बदला नयां किसिमले चित्रित भएको पनि हुन सक्दछ । जेहोस् ती भित्ते चित्रहरू सत्रौं शताब्दीमै लेखिएका पनि हुन सक्दछन् । केही ठूलठूला देवीहरूका चित्रहरूबाहेक त्यहां भित्रपट्टि करीब साढे एक फूट अग्ला पंक्तिहरूमा चित्रहरू अंकित गरी लहरै राखिएका छन् । ती चित्रहरू धेरैजसो स्वयम्भूपूराणसंग सम्बन्धित घटनाहरूलाई लिएर चित्रित गरिएका छन् । तीमध्ये मैत्रेय बोधिसत्वले आफ्ना चेलाहरू जम्मा पारी उपदेश सुनाइरहेको दृश्य र मञ्जुश्रीको चित्र आदि विशेष उल्लेखनीय छन् । सबैजसो चित्रहरूका मुनि चित्रसंबन्धी घटनालाई अभिलेखमा समेत अंकित गरिएका छन् । कीर्तिपुरस्थित बाघभैरवको मन्दिरको बाहिरी भागहरूमा अन्तिम मल्लकालीन र थापाथली दरबारभित्र राणाकालीन भित्ते चित्रहरू छन् ।

काठमाडौं उपत्यकाभित्र मात्र हैन नेपाल अधिराज्यका अरू भूभागहरूमा पनि प्रशस्तमात्रामा भित्ते चित्रहरू छन् । पुरातत्व विभागका प्र. अ. अ. श्री जनकलाल शर्माको नेतृत्वमा गत वर्षहरूमा डोल्पा र ओलाङचुंगगोला आदि जिल्लाहरूमा गरिएका पुरातात्विक सर्भेक्षणबाट यो सिद्ध हुन आएको छ– नेपाल अधिराज्यको उत्तरी भागमा रहेका सबैजसो गुम्बाहरू भित्ते चित्रहरूले सजिएका छन् । खास गरी बोनपो धर्मसंग सम्बन्धित उत्तरी क्षेत्रका यी गुम्बाभित्र भित्ते चित्रहरूले एउटा महत्वपूर्ण स्थाननै ओगटेका छन् । डोल्पा जिल्लामा रहेका भित्ते चित्रहरूको अध्ययन

गर्दा यी चित्रहरू अठारौं शताब्दी भन्दा माथिका होइनन् भन्ने सिद्ध भैसकेका छन्। डोल्पा जिल्लामा भित्तेचित्रहरूले सजिएका खास, खास, गुम्बाहरू यिनै हुन्– डिल्लीकोट गुम्बा, टुप्पा गुम्बा, तल्लो माधाङ्ग गुम्बा, माथिल्लो माधाङ्ग गुम्बा, सामथलिङ्ग गुम्बा, दोस्रो सामथलिङ्ग गुम्बा, धाङ्ग गुम्बा, रेवागुम्बा, खारंग गुम्बा, घाइसा गुम्बा, ह्लिसोल गुम्बा, मानपैमे गुम्बा, छबद्योति गुम्बा, हयेभिग्ये गुम्बा, छयुजुङ्ग पालगुम्बा आदि प्रायः सबैजसो यी गुम्बाहरूमा भगवान् दीपंकर, शाक्य मुनि बुद्ध, मैत्रेय बुद्ध कर्मापा, छाकपा लामा, गुरु रिन्पोन्छे (पद्म संभव), अवलोकितेश्वर, बज्रपाणि, मञ्जुश्री, बज्रधर, गुरु श्री पद्मरश्मि, गुरु श्री सूर्यरश्मि, गुरु पद्मग्याल्पो, गुरु बज्रकिल, गुरु बज्रसप्व, आर्यतारा, महांकाल, सामन्तभद्र, आदि देवदेवीका चित्रहरू अंकित गरिएका छन्। यी गुम्बाहरूमा चित्रित भित्तेचित्रहरू मध्ये धेरैजसो त स्थानीय कलाकारहरूलेनै बनाए होलान् साथै तीमध्ये कुनै कुनै चाहिं काठमाडौं र तिब्बतबाट निम्त्याइएका चित्रकारहरूले पनि बनाएको हुनु धेरै संभव छ। काठमाडौं उपत्यकाबाट कलाकारहरू निम्त्याउने प्रथा शाहकालीन नेपालमा त्यति प्रोत्साहित भएको देखिंदैन, तर पनि युगौं पुरानो यो परम्परालाई यसरी चाँडै त्याग्न पनि सकिंदैन होला। सुनिन्छ तिब्बत चीनको एक स्वशासित प्रान्त नभएसम्म पनि नेपाली कलाकारहरू तिब्बत र तिब्बती कलाकारहरू नेपालको खास गरि उत्तरी क्षेत्रहरूमा जानेआउने गर्दथे। जेहोस्, नेपाल अधिराज्यभित्रका यी विशाल, विशाल गुम्बाहरूमा चित्रित यी पानीरंगका भित्तेचित्रहरूमा नेपाली चित्रकलाका छाप स्पष्टसंगै देखिन्छन्। हनुमान्ढोका दरवार र थापाथली दरबारलाई छोडेर अठारौं शताब्दीपछि नेपालका भूभागहरूमा भित्तेचित्रहरूको कदर, सुरक्षा र संरक्षण यिनै हिमाली प्रदेशहरूमा भए, जसले गर्दा प्राचीन नेपाली चित्रकलाको परम्परा कुनै रूपमा ती स्थानहरूमा त्यस वेलासम्म पनि कायमनै रहे। (१७)

हिमाली क्षेत्रहरूमा पाइएका भित्तेचित्रहरूको उदाहरणस्वरूप गण्डकी अंचलको मनांग जिल्लाका केही भग्नमन्दिर, गुम्बा तथा प्रासादहरूमा अंकित भित्तेचित्रहरूलाई पनि लिन सकिन्छ। प्रसिद्ध पुरातत्वविद् तथा कला अन्वेषक जोसेप्पी कचीको भनाइअनुसार ईशाको एघारौंदेखि बाह्रौं शताब्दीभित्र कोरिएका यी भित्तेचित्रहरू त्यस बखत प्रसिद्धिको चरमसीमामा पुगिसकेका काश्मीरी कलाकारहरूका कृतिहरू हुन्। ती भित्तेचित्रहरूमध्ये अप्सराहरूका चित्रहरूलाई भारतका अजन्ताका गुफामा पाइएका अप्सराका चित्रहरूसंग दाज्नु भै ती चित्रहरू पनि उत्तिकै राम्रा र आकर्षक छन् भनी उहांले आफ्नो वक्तव्य प्रकट गर्नुभएको छ। तिब्बती कलाको इतिहासको लागि अत्यन्त महत्वपूर्ण केन्द्रस्वरूप रहेको मनांग जिल्लाको अरू विस्तृत अनुसन्धान हुन बाँकीनै छ, जेहोस् प्राप्त तथ्यहरूको आधारमा यस जिल्लालाई पनि नेपाली भित्तेचित्रकलाको इतिहासबाट छुट्याउनु न्यायोचित हुँदैन। यी भित्तेचित्रहरूको शारीरिक अवस्था बिग्रिएको छ, समयमै संरक्षण तथा सुधारका कार्यहरू भएनन् भने चाँडैने लोप भएर जाने संभावना छ। (१८)

नेपालको भूभागमा यसरी प्राचीन कालदेखि चित्रकलाको क्षेत्रको विकाश हुनाको मुख्य कारण हो नेपालीहरूको कला, धर्म र प्रकृतिप्रतिको आस्था एवं प्रेम। सधैं सहिष्णुता र मानववादमा विश्वास गर्ने नेपालीहरूले आफ्नो देशको कलालाई मात्र प्रोत्साहित गरेनन् अपितु ईशाको एघारौं शताब्दीदेखिनै मुसलमानहरूको मारबाट आफ्नो धर्म, इज्जत, कला र संस्कृतिको रक्षार्थ हिमालको शरणमा पर्ने भारतीय राजपरिवार, जनता तथा कलाकारहरूलाई बडो आदर र सन्मानका साथ आफ्नो भूमिमा आश्रय दिए जसको फलस्वरूप नेपाली कलामा समेत भारतीय कलाको केही प्रभाव पर्न गयो। यीनै भारतका कलाकारहरूले त्यति वेलाको प्रमुख कलाका केन्द्र नालन्दा र विक्रमशील विश्वविद्यालयहरूबाट प्रादुर्भाव भएका विशिष्ट कलाका गुणहरूले नेपाली कलालाई सिंगारिदिए। त्यसपछि मल्ल कालीन काठमाडौं उपत्यकामा चौधौं वा पन्ध्रौं शताब्दीतिर नेपाली कलामा फेरि अर्को एउटा बलियो तत्वको प्रभाव पर्न गयो त्यो हो तन्त्रयान र बज्रयानको प्रभाव (पाल कलाको प्रभाव)। त्यसपछि शाहकालीन नेपालमा राजस्थानी र पहाडी कला (कुमायु र गडवाल) को पनि प्रभाव पर्न गएको देखिन्छ। राणा प्रशासकहरूका समयमा यूरोपीय कलाको प्रभाव पनि नेपाली कलामाथि पर्न गयो। यसरी विभिन्न समयका विभिन्न धर्म तथा स्थानहरूसंग सम्बन्धित कलाहरूबाट प्रभावित भए तापनि नेपाली कलाको मौलिक रूप र गुण सधैं कायमै रह्यो। नेपाली कलाकारहरू सहिष्णुताकै आधारमा आफ्ना कलाकृतिहरूको रचना गर्ने गर्दथे र तिनीहरूले आफ्नो कलालाई परिमार्जित

गर्ने विदेशी कलामा विद्यमान गुणहरूलाई समेत नेपाली कलाभित्र समावेश गर्ने गराउंथे । यसरी आफ्नो धर्म, कला र संस्कृतिलाई हरतरहबाट संरक्षण मात्र प्रदान नगरी संबर्धनसमेत गरी उपत्यकाका मल्लराजाहरू र त्यसपछिका शाहराजाहरूले शताब्दियौं अघिदेखि कायम रहिआएको नेपालीकला र संस्कृतिको झन् आदर र सत्कारसमेत गरी यसको महत्वलाई बढाई नेपालको इतिहासमा कला र संस्कृतिका रक्षक तथा पुजारी भन्ने ख्याति प्राप्त गरे ।

तर नेपाली चित्रकलाका ती जन्मदाता कलाकारहरूमध्ये सबैंजसोको परिचय आज हराइसकेको छ । प्राप्त तथ्यहरूअनुसार तेह्रौं अथवा चौधौं शताब्दीको अरनिको अथवा बलबाहुनै सर्वप्रथम नेपाली कलाकार थिए जसले आफूलाई अमर बनाए । यिनै महान् कलाकार अरनिकोले शुरू गरेको परम्पराअनुसार तिब्बत र चीनमा त्यति वेलादेखिनै अरु भनिन्छ ईशाको सातौं शताब्दीदेखिनै तिब्बत (भोट) र तदनन्तर चीनमा समेत नेपाली कलाकारहरू निम्त्याइन्थे । (१८) शायद लिच्छवी राजकुमारी भृकुटीसंग पनि ईशाको सातौं शताब्दीमा नेपाली कलाकारहरू तिब्बत गएको हुनसक्छ । सन् १४२१ तिर अर्थात् पन्ध्रौं शताब्दीमा पनि दक्षिणी तिब्बतमा एउटा गुम्बाभित्र चित्रहरू लेख्न नेपाली कलाकारहरू नित्याइएका थिए (१९) । यसरी शताब्दीयौं पुरानो परम्परासंगसंगै बांची आइरहेका नेपाली चित्रकलाले ईशाको सोह्रौं शताब्दीसम्म स्थायित्व मात्र हैन निकै ख्याति पनि पाइसकेको थियो । प्रसिद्ध तिब्बती विद्वान् तारानाथको भनाइअनुसार नेपालमा त्यस वेला चित्रकलाको खूब प्रचार तथा सम्मान हुन्थ्यो र नेपाली जनताको चित्रकलाप्रति बढिरहेको अभिरुचि पूरा गर्न त्यस वेला आवतजावत गर्ने यात्रुहरू तथा व्यापारीहरूसमेतलाई कारमाइन र इन्दीगो जस्ता रंगहरू भंसार करको रूपमा लिने गरिन्थ्यो । (२०) यसरी शताब्दियौं अघिदेखि प्रोत्साहित र संरक्षित यी भित्तेचित्रहरूको आज नेपाल अधिराज्यभित्र के कस्तो अवस्था छ भन्ने कुरा पनि हामी सबैले सोच्नुपरेको छ । भित्तेचित्रहरूको महत्वलाई ध्यानमा राखी २०२२ सालतिर भारतीय सहयोग नियोगको तर्फबाट आएका भारतका पुरातत्व सर्भे विभागका रसायनविद् श्री पुरीको मदतबाट भक्तपुरको पचपन्ने झ्यालमुनिको मल्ल राजाहरूको बैठककोठामा रहेका भित्तेचित्रहरूको रासायनिक प्रक्रियाद्वारा साफसुग्घर एवं संरक्षण गर्ने कार्य गरियो । त्यसपछि भारतीय रसायनविद् श्री पुरीको मातहतमा बसी काम गर्नुभएका पुरातत्व विभागका कर्मचारीहरूले (रसायनविद् श्री भीमबरसिंह थापा तथा रसायनविद् श्री उपेन्द्रनाथ सापकोटा) श्री पुरीले अधूरो छोडी गएका गुठी संस्थानको आर्थिक सहायतामा रासायनिक प्रक्रियाद्वारा सुरक्षित हुन लागेका कुमारीघरका भित्तेचित्रहरूलाई आफ्नो बुद्धिले भ्याएसम्म मेहनत गरी पूरा गरे । कुमारीघरको कार्य समाप्त भएपछि गुठीसंस्थानको आर्थिक र पुरातत्व विभागको प्राविधिक सहायतामा हनूमानढोका दरबारभित्रका भित्तेचित्रहरू र स्वयम्भू शान्तिपुरभित्रका भित्तेचित्रहरूको रासायनिक संरक्षणहरू गरे । विभिन्न स्रोतहरूको मद्दतबाट राष्ट्रिय कलाको एक महत्वपूर्ण अंगस्वरूप रहिआएका यी भित्तेचित्रहरूका रासायनिक प्रक्रियाद्वारा संरक्षण हुनु अति गौरवको कुरा छ । तर हाम्रा भित्तेचित्रहरूको रासायनिक संरक्षण गर्दा अरू विकशित मुलुकहरूमा झैं ती भित्तेचित्रहरूको संरक्षण गर्नुभन्दा अगावै राम्ररी जांचपडताल गर्नुपर्दछ । डा. नीलरतन बनर्जीले भन्नु भएको छ– "खालि चलनचल्तीमा आएका बजारमा पाइने रसायनहरू पोतेर मात्र यी भित्तेचित्रहरूको रासायनिक संरक्षण हुन्छ अथवा भयो भन्न सकिन्न, साथै अरू मुलुकहरूमा के कस्ता रसायनहरू प्रयोग गरे त्यस्तै रसायनहरूको मात्र प्रयोग गरेर संरक्षणको कार्य हुन्छ भन्न पनि सकिन्न, तसर्थ एउटा सबै उपकरणहरूले सुसज्जित रासायनिक प्रयोगशाला र यस विषय पूरा तालीमप्राप्त रसायनविद्हरूको ठूलो आवश्यकता पर्दछ र यी भित्तेचित्रहरू रहेका भित्ताहरू र रंगहरूको राम्रो जांचपडताल गरेर मात्र रासायनिक संरक्षण गर्नुपर्दछ, नत्रभने संरक्षणको नाउंमा यी दुईचार बचेखुचेका भित्तेचित्रहरूको पनि नाश भयो भने हामीलाई भविष्यमा सन्ततिहरूले गिज्याउनेछन् ।" (२१) संरक्षणको लगत्तैपछि सुरक्षाको पनि प्रश्न उठ्दछ । एकपल्ट रसायन पोत्दैमा वा बत्ती, फ्रेम आदि जडान गर्दैमा सधैंको लागि सुरक्षित हुन्छ भन्न सकिन्न, फेरि बत्ती, फ्रेम आदि जडान गर्दा यी भित्तेचित्रहरूलाई धक्का नलाउने गरी गरिनुपर्दछ । ती सबैको लागि खास तालीमप्राप्त प्राविधिकहरूको आवश्यकता पर्दछ, जसको खांचो श्री ५ को सरकारले पूरा गरिदिनुपर्नेछ । हामीलाई थाहा छ नेपालका उत्तरी क्षेत्रहरूमा कैयन् यस्ता गुम्बा छन् जहां भित्तेचित्रहरूको ठूलो भण्डार छ, धेरैजसो गुम्बा तथा विहारहरूमा मौसमको खराबी, धूलो, ध्वांसो आदिले गर्दा

त्यो भित्तेचित्रहरू नाशिन अथवा बिग्रन लागिसकेका छन्, तसर्थ तालीमप्राप्त विशेषज्ञहरूलाई यी स्थानहरूमा पठाई नाश हुनुभन्दा अगावै तिनीहरूको संरक्षण एवं सुरक्षा गर्नुपरेको छ। यस दिशातर्फ समयमै ध्यान पुऱ्याउन सकेनौं भने हाम्रो कलाको युगौं पुरानो एक उच्च परंपराको चाडैनै नाश मात्र होइन लोपनै भएर जाने डर भैसकेको छ। साथै सम्बन्धित अधिकारीहरूले बसन्तपुरको चौतरियाहरूको शाहकालीन घर र थापाथली दरबारभित्र रहेका भित्तेचित्रहरूको बचाउ गर्न नसकेकोमा पनि हामी साह्रै दु:खित छौं।

संसारका सबैजसो सभ्य कहलिएका मुलुकहरूमा झैं हाम्रो मुलुकमा पनि कलाको जन्म र विकाश धर्मसंगसंगै भएको देखिन्छ। नेपाली कलाकारहरूले सधैं धर्म, कल्पना र आध्यात्मिक भावनाले ओतप्रोत भई आफ्ना कलापारखी पश्चिमी कलाकारहरूले झैं विशाल चित्रहरू लेखेर हैन अपितु नेपालीहरूको माटो सुहाउंदो गरी सूक्ष्म, गंभीर एवं भावात्मक किसिमका रचनाहरू बनाई देखाए। तिनीहरूले कुनै शासकको शोख र वासनाको तृप्तिलाई प्रोत्साहित गर्न हैन अपितु कलालाई सधैं शुभलक्षण र धार्मिक भावनाहरू प्रकट गर्ने सुलभ माध्यम सम्झी रचना गरे। यसरी नेपाली कलाकारहरूले मूर्ति र ग्रन्थमा मात्र हैन चित्रमा पनि आफ्नो कला, धर्म र संस्कृतिलाई जियाई राख्न भरमगदूर कोशिश गरे। नेपाल अधिराज्यभर अहिलेसम्म देखापरिरहेका भित्तेचित्रहरूको मुख्य विषयवस्तुनै ऐतिहासिक, पौराणिक तथा धार्मिक ग्रन्थहरूसंग सम्बन्धित दृश्यहरू हुन्। सबैजसो भित्तेचित्रहरू पानीरंगमा चित्रित गरिएका छन्। तर एउटा गजबको कुरा छ नेपाली पानीरंगहरू खास वैज्ञानिक तवरबाट तयार नगरिएका भए तापनि निकैनै मजबूत देखिन्छन्। रंग उडी चित्रहरू खराब भएका प्राय: कमै मात्र छन्। शताब्दियौं अघिदेखिनै नेपाली कलाकारहरूलाई भारतबाट रंगहरू प्राप्त हुन्थे भन्ने कुरा माथिनै उल्लेख गरिसकिएको छ। जे होस्, नेपाली कलाकारहरूले सधैं आफ्ना कलाकृतिहरूमा चित्रसंग मिल्दो, चित्रको भावना र पृष्ठभूमिसंग मेल खाने गरी कल्पना र भावनाका आंखाहरू खुलाउने गरी रंगहरू प्रयोग गर्दथे। ती रंग धेरैजसो नरम, आंखा रसाउने र शान्त देखिन्छन्। साहिष्णुता र मानववादमा आधारित नेपाली संस्कृतिका एक प्रमुख अंगस्वरूप रहेको नेपाली कलाले इतिहासको जुनसुकै समयमा पनि आजसम्म आफ्नै मौलिकता मात्र हैन एउटा विशिष्ठ परम्परासमेत बसाल्न सफल भएको छ। तसर्थ भनिएको पनि छ– नेपाली कलाको आफ्नै मौलिकता, विशेषता एवं प्राचीन परम्परा पनि छ।

संसारका अरू सभ्य मुलुकहरूमा झैं हाम्रो मुलुकमा ईशापूर्वकालका भित्तेचित्रहरूको कुनै उदाहरण हालसम्म नदेखिए तापनि हाम्रो मुलुकमा चित्रकलालाई ईशापूर्वकालदेखिनै मान्यता, महत्व र संरक्षण प्रदान गर्दै आएको छ भन्न सकिन्छ, किनभने हामीले माथि पनि भनिसक्यौं अक्सर मूर्तिकला र चित्रकला एकै समयमा र साथसाथै हिड्ने गर्दछन्। श्री ५ को सरकारले नेपाली चित्रकलाको खास महत्व राखी, यसको सुरक्षा, संरक्षण, प्रचारप्रसार एवं अध्ययन अनुसन्धानसमेत गराउन पुरातत्व विभाग, नेपाली ललितकला संस्था, राजकीय प्रज्ञाप्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, नेपाल ललितकला महाविद्यालय आदि संघ संस्थाहरू खोली यस दिशातर्फ भरमगदूर कोशीश गर्दैछन्। स्वयं श्री ५ महाराजाधिराज सरकार पनि कलाकार होइबक्सेकोले मौसूफबाट नेपाली कलाप्रति कस्तो धारणा राखिबक्सेको छ र नेपाली कलाको सुरक्षा, संवर्धन आदिको लागि मौसूफ कति चिन्तित होइबक्सिन्छ भन्ने कुरा मौसूफबाट बरोबर ठाउं, ठाउंका भित्तेचित्रहरूको रासायनिक संरक्षण भैरहंदा, मन्दिरहरू जिर्णोद्धार गरिदा भएका सवारीहरू तथा मौसूफका अध्यक्षतामा नाफा संस्थाबाट भैरहेका कार्यक्रमहरूबाटनै विदित हुन्छ। आशा छ नयां जोस र उमंगका साथ नवयुवक, कलाप्रेमी राजा श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारको संरक्षकत्वमा नेपाली कला, संस्कृति र इतिहासले पनि अब चाडैनै सुनौला दिनहरू देख्ने मौका पाउनेछन।

❀

## सहयोगी पुस्तक तथा पुस्तिकाहरू


1 Alweis Frank, New Dimensious of world History, (n. d. pp). pp 1-2.

2. Encvlopaidia Britannica (10 th Edition) voi 31.

3. Janaklal Sharma, Lalit kala ra Sahitya (Fine Arts and Literature) Kathmandu, 2023 V.S. Second Edition, p 39.

4. Courier (Monthlv) Unesco, February 1955 vol. 7, No. 9, pp. 3, 20. 30

5. Ibid, pp-10-14.

6. Courier, December, 1957, No 12, pp. 4-10.

7. Janaklal, No. 3, p 41.

8 R. N. Pandey, A Brief Survey of the Nepalese Art Forms (H.M.G., Dept of Culture, 1968, p. 41.

9. Stella Kramrisch, Art of Nepal (The Asian Society INC, 1964), pp, 43-44.

10. Nepalese Art (H.M.G. Deptt of Archaeology 1966, pp. 30-31.

11. Madan Jit Singh, Himalayan Art, (London & Melbourne, 1968), p 210.

12. Ibid, p. 213.

13. Ibid, p. 215-16.

14. Mana Bajra Bajracharya, Nepal KoMadhya Kalin Kala (The Medieaval Art of Nepal) (H.M.G., Deptt. of Informatiou, 2027 V:S.), pp, 65-66.

15. Shaphalya Amatya, Nepalese Studiesra Kathmandu Upatey kaka Kehi Bhitteya Chitra haru (Nepalese Studies and Some Murals of the Kathmandu Valley), Nava Samaj (Daily) (Kathmandu), Wednesday, 26, Jestha, 2023. V. S.

16. Authors Interview with Mr. Bhim Bar Simha Thapa and Mr. Upendra Nath Sap Kota, Chemists of the Department of Archaeology)

17. Jankalal Sharma, Dolpora kehi Anava Sthal ka Puratatuik upalavdhi (Dolpa and Arechacological Findings of Some other Regions), Ancient Nepal (Kathmandu) No. 15, April 1971, pp 1-39.

18. (Giuseppe Tucci, Trans Himalaya (Translated from the French by James Hogarth, Delhi, 1973 pp. 91-92,. Plate No . 113 to 122)

19. Janaklal Sharma, No. 3, p. 43.

20. Stella Kramrisch, no. 9.

21. Madan Jit Singh, no. 11, p 215.

22. N. R. Banerjee, Preservatiou of Monuments in Nepal (Report), I. C. M., 1970; pp. 12-13.